# रामधुनी नगरपालिका कार्यालय
झुम्का, सुनसरी

प.स. २०७४।०७५
च.नं. ४९६

मिति : २०७४/०८/०६

विषय : विज्ञापन दस्तुर संकलनको टेन्डर गर्ने बारेको १५ दिने सुचना ।

यस नगरपालिकाको मिति २०७४/०८/०५ गते वसेको वैठकको निर्णय अनुसार यस नगरपालिकाको विज्ञापन कर संकलन गर्न ठेक्का टेण्डर द्वारा वन्दोवस्त गर्नु पर्ने भएकोले सम्वन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सुचना प्रकासित गरिएको छ । ईच्छुक संघ/संस्था व्यक्तिहरुले तपसिलका सर्तको अधिनमा रही शिलवन्दि टेन्डर तोकिएको मिति र समयमा दर्ता गराउन हुन अनुरोध छ ।

## तपसिल

**१ : विज्ञापन कर संकलन गर्ने ठेक्का ।**

३.१ न्यूनतम अंक रु. १,४९,१०१।०० एक लाख उन्नपचास हजार एक सय एक मात्र ।
३.२ अवधि : आ.ब. २०७४/०७५ देखि २०७६/०७७ सम्म ३ वर्ष ।
३.३ पहिलो वर्ष कवोल गरेको अंक र त्यस पछि प्रत्येक वर्ष २० प्रतिशतले थप हुदै जाने छ ।

**ठेक्काको सर्तहरु**

१. टेण्डर फारम रु. ५००।०० (पाँच सय) मात्र तिरी (पछि फिर्ता नहुने) नगरपालिकाको कार्यालय वाट मिति २०७४/०८/०७ गते कार्यालय समय भित्र खरिद गरि सक्नु पर्ने छ ।
२. आफुले कवोल गरेको अंकको एकमुष्ठ रकममा नेपालीको हकमा ५% र गैह्र नेपालीको हकमा १० % घरौटी रकम यस यस नगरपालिकाको नाममा रहेको रा.वा.बैकं ईनरुवा स्थित धरौटी खाता च.हि.नं. २२२०३०३००३००२ मा दाखेला गरेको बैक भौचर सक्कलै वा नगद टेन्डर पत्र साथ संलग्न राखि शिलवन्दि गरी मिति २०७४/०८/२२ गते शुकवारका दिनको १२.०० वजे भित्रमा नगरपालिकाको मुख्य कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । र सोहि दिन दिनको १.०० वजे नियमानुसार दर्ता भएको शिलवन्दि वोलपत्र टेण्डर कार्यालय तथा दल प्रतिनिधिहरुको साक्षि किनाराको रहोवरमा खोलिने छ ।
३. आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट गरि लेखिको हुनुपर्ने छ । अंक र अक्षरमा (कवोल रकम) फरक परेमा अक्षरलाई मान्यता दिईने छ । टेण्डर फारम भर्ने नेपालीले नागरिक्ताको प्रमाणपत्र तथा टेण्डर फरम खरिद गरेको नगदि रसिद अनिवार्य संलग्न राख्नु पर्ने छ ।
४. रित नपुगि दर्ता पेश हुन आएको टेन्डर फारम लाई कुनै पनि शर्तमा मान्यता दिईने छैन ।
५. साविकमा यस कार्यालयलाई लाई तिर्न बुझाउन बाँकी रहने व्यक्ति वा संघ संस्थाले ठेक्कामा सहभागि हुन पाउने छैन ।
६. ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ सात दिन भित्रमा आफुले कवोल गरेको रकम एकमुष्ठ बुझाउनु पर्ने छ । एक मुष्ठ वुझाए वापत १० प्रतिशत छुट दिइनेछ ।
७. ठेक्काको बाँकी अबधीको लागि धरौटी रकम कबोल गरेको अंकको ५०% रकम धरौटी वापतको रकम जम्मा गर्नु पर्ने छ ।
८. ठेक्का सम्वन्धि लाग्ने कर दस्तुर ठेकेदारले नै वेहोर्नु पर्ने छ ।
९. तोकिएको शर्तमा आल टाल गरेमा धरौटी जफत गरी दोश्रो स्थानको (टेण्डर भर्ने व्यक्ति वा संस्था) संग सम्झौता गरी ठेक्का दिईने छ वा पुन टेण्डर गरिनेछ ।
१०. ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।
११. सुचनामा लेखिए वाहेकको प्रावधानहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

नौट : अन्य विस्तृत कुरा वुझ्नु पर्ने भएमा फो.नं. ०२५-५६२००५, ०२५-५६२५६६ मा सम्पर्क गरि वा कार्यालय समयमा नगरपालिकामा आई वुझ्न सकिने छ ।

.....................
सुर्य प्रसाद गौतम
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका